# बाराही हाइड्रोपावर पब्लिक लिमिटेड
# Barahi Hydropower Public Limited

रजिष्टर्ड ठेगानाः बबरमहल, काठमाण्डौं, फोन नं. ०१– ४३७०७७८
इमेलः barahi.hydro@gmail.com, वेभसाइटः www.barahihydropower.com.np

को

## सातौं बार्षिक साधरण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१२/०५ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको मिति २०७९/१२/०२ मा बसेको सञ्चालक समितिको ३-३८औं बैठको निर्णयानुसार निम्न मिति, समय, स्थानमा निम्न विषय सूचीहरु उपर छलफल गर्न कम्पनीको सातौं वार्षिक साधारण सभा बस्ने भएकोले यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उक्त मिति, समय र स्थानमा उपस्थित हुन शेयरधनी महानुभावहरुको जानकारीको लागी कम्पनि ऐन २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावली २०७३ को नियम १८(३) बमोजिम यो सूचना जारी गरिएकोछ ।

**सभाहुने मिति** : २०७९/१२/२७ गते सोमबार (तद्अनुसार १० अप्रिल २०२३) ।
**सभा शुरु हुने समय** : दिनको ११:०० बजे ।
**सभाहुने स्थान** : अनुपम फुडल्याण्ड एण्ड बैंक्वेट प्रा.लि., बत्तिसपुतली, गौशाला, काठमाण्डौ ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१ सातौं वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत् आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२ लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ अषाढ मसान्तसम्मको वासलात र सोहि मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरि स्वीकृत गर्ने ।

३ आ.व.२०७९/०८० को लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तय गर्ने ।

४ कम्पनीको नियमावली अनुसार संस्थापक शेयरधनीहरु मध्येबाट ४ जना, सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना र स्वतन्त्र संचालक १ जना रहने गरी संचालक समितिको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावः**

१. नियमावलीको नियम २७ (२) र नियम २८ संशोधन गर्ने ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. सातौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/१२/१३ गते एक दिन यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०७९/१२/१२ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र बार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न सक्ने छन् ।

२. साधारण सभामा भाग लिन इच्छुक महानुभावहरुले सभा हुने दिन सक्कल शेयरधनी प्रमाणपत्र वा हितग्राही खाता (Demat Account) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाणपत्र सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

४. वार्षिक साधारण सभामा सहभागी हुनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरु हुनुभन्दा न्यूनतम ४८ घण्टा अगावै कार्यालय समय भित्र यस कम्पनीको केन्द्रिय कार्यालय राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । शेयरधनी महानुभावहरुले एकभन्दा बढि व्यक्तिलाई आफ्नो शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टयाई प्रोक्सी दिन पाउनु हुने छैन, दिएमा प्राक्सी बदर हुनेछ । इमेल, स्क्यान, फोटो वा अन्य विद्युतिय माध्यमबाट पठाएको प्रतिनिधिपत्र (प्रोक्सी) लाई पनि मान्यता दिइनेछ ।

५. प्रोक्सी नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरुले आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा दिईसकेको प्रोक्सी स्वतः बदर हुनेछ ।

६. नाबालक वा फरक किसिमले सक्षम शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।

७. एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. संचालक निर्वाचन सम्बन्धी कार्यक्रम बार्षिक साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै यस कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । संचालक निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

९. छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कुनै प्रस्ताव भएमा, छलफल गर्न इच्छुक शेयरधनी महानुभवहरुले साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयको जानकारी कम्पनी सचिव मार्फत् संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

१०. साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रिय कार्यालय राधाकृष्ण मार्ग, बबरमहल, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन वा कम्पनीको वेभसाइटः www.barhihydropower.com.np मा हेर्न सक्नु हुनेछ ।